५. आफुले सप्लाई गर्ने औषधीहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादक बाट र बिदेशी कम्पनी भए Nationnal Suppliers बाट लिई पेश गर्नु पर्नेछ ।

६. औषधीहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिमाण सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउ पत्रदाताले आफनै तर्फबाट ढुवानी गरी बुझाउनु पर्नेछ । सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नु पर्नेछ ।

७. औषधीको Strip/Blister Packing मा नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भनि अनिवार्य छाँप लगाईएको हुनु पर्नेछ ।

८. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बिचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का तोडन सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारबाही हुनेछ ।

९. सप्लाई हुने औषधी तथा सर्जिकल सर सामानहरुको प्रत्येकको प्याकिंङको बाहिर Manufacturing Date,Expiry Date र Batch No. उल्लेख भएको हुनुपर्नेछ ।

१०. औषधीको हकमा WHO,GMP प्रमाणित र सामग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनु पर्नेछ ।

११. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउ पत्रमा उल्लेख भएका औषधी तथा सर्जिकल सर सामग्रीहरुको सूचि एवं परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।

१२. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटमवाइज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

१४.आपुर्तिकर्ताले सप्लाई गरेको औषधिको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्ने छ । परिक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयंले नै ब्यहोर्नु पर्नेछ ।

१५. शिलबन्दि बोलपत्र सम्बन्धि अन्य कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ ।

तपशिल

| ठेक्का नं. | विवरण | ईष्टिमेट अंक (भ्याट सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| RRM/NCB/Medicine & surgical/02/2077-078 | रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुट्टार,उदयपुरअन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि औषधी तथा सर्जिकल सर सामग्रीहरुको खरिद | रु ३४०००००। (भ्याट सहित) | रु ९३०००। | रु १०००। | |

प्रमुख प्रशासकीय अधिकृत

मि.

Scanned with CamScanner